आदरणीय सभा सदस्यज्यूहरु,

मादी गाउँपालिकाको यस सम्मानित गाउँ सभा बैठक समक्ष आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।यस अवसरमा मलाई अत्यन्त खुशी महशुस भएको छ ।राज्यको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक रुपान्तर सहित लोकतान्त्रिक शासन व्यवस्था प्राप्त गर्न आफ्नो जीवन वलिदान दिने सम्पुर्ण ज्ञात तथा अज्ञात वीर शहिद प्रति श्रद्धा सुमन व्यक्त गर्दछु साथै लोकतान्त्रिक आन्दोलनका क्रममा अमूल्य योगदान गर्नुहुने आम नागरिकमा उच्च सम्मान गर्दै, घाईते योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

“पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार समन्यायिक समृद्धि मादीको मूल आधार” भन्ने दिगो लक्ष्य सहित समुन्नत र समृद्ध मादी निर्माणका लागि अगाडी बढेको यस पालिकाको दिगो आर्थिक र सामाजिक विकास गरी न्यायपुर्ण समाज निर्माण गर्दै समृद्ध र सुशासन युक्त पालिका निर्माण गर्ने हामी सबै जनप्रतिनिधीको लक्ष्य र उद्देश्य रहेको छ यहि लक्ष्य र उद्देश्यलाई सहयोग पुन्ने गरी आ. ब. २०८३।८४ को नीति तथा कार्यक्रमलाई अगाडी बढाएका छौं।

नेपालको संविधानमा स्थानीय सरकारलाई दिएको अधिकार, संविधानले प्रदत्त गरेको मौलिक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय तथा गण्डकी प्रदेश सरकारका नीति, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, र गाउँपालिकाले कार्यान्वयन गरेका कानुन तथा नीतिलाई आधार मानी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पालिकाको आधारभुत आवश्यकतालाई मध्यनजर गर्दै दिगो पुर्वाधार विकास, गुणस्तरीय ग्रामिण पर्यटनको तथा पदमार्गको विकास, गुणस्तरीय स्वास्थ्य तथा शिक्षा माथि नागरिकको सार्थक पहुँच, ग्रामीण उद्यमको विकास, कृषिको

आधुनिकिकरण सहित रोजगारीको सुनिश्चितता, सामजिक न्याय सहितको सामजिक समावेशीकरण, लक्षित वर्गको उत्थान, जलवायु अनुकूलन विकास र विपत् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा जस्ता विषयहरुमा जोड दिई पछिल्लो युवा पुस्ताको आन्दोलन तथा हामी सबैको चाहाना र मर्मलाई आत्मसाथ गरी सुशासन सहितको प्रभावकारी सार्वजनिक सेवा प्रवाहलाई समेट्ने गरी यस नीति तथा कार्यक्रमको निर्माण गरिएको छ ।

पालिकाले लिएको लक्ष्य र उद्देश्य पुरा गर्नको लागि पालिकामा उपलब्ध श्रोत साधनको प्रभावकारी उपयोग गर्दै आर्थिक वर्षको २०८३/८४ नीति तथा कार्यक्रमलाई सकेसम्म वस्तुनिष्ठ बनाउने प्रयास गरेको छु ।

आदरणीय सभा सदस्यज्यूहरु,

**क) आर्थिक विकासः**

- कृषि क्षेत्रलाई प्रभावकारी तथा दिगो बनाउन कृषकहरुलाई कृषि उत्पादनमा आवश्यक पर्ने बीउ बिजन, नयाँ प्रविधिको सर्वसुलभ आपूर्ति सुनिश्चत गरी कृषि उत्पादन बढाईने छ भने कृषि क्षेत्रको आधुनिकिकरण, विविधिकरण र बजारीकरणमा जोड दिईनेछ ।
- कृषि उत्पादनको प्रवर्द्धन तथा बजारीकरणको लागि यस पालिकामा स्थापना भएको शित भण्डारण केन्द्र सञ्चालन लागि आवश्यक व्यवस्था गरिनेछ ।
- कृषि क्षेत्रमा अकस्मात फैलिने रोग, कीरा र शत्रुजीवहरू नियन्त्रण गर्न र प्राकृतिक प्रकोपबाट भएको क्षतिको लागि राहात कार्यक्रम सञ्चालन गरिनेछ ।
- मादी गाउँपालिकाको मौरीपालन व्यवसायलाई आधुनिकिकरण गरी गुणस्तरीय मह उत्पादन मार्फत महको महको ब्रान्डिङ गरिनेछ भने मौरी पकेट क्षेत्रलाई अझ विस्तार गरिनेछ।

- कृषि तथा पशुपन्छीसंग सम्बन्धित पेशालाई मर्यादित तुल्याउन र वास्तविक किसानको हकहित सुरक्षित गर्न किसान सुचीकरण तथा प्रमाणिकरण कार्यलाई सघन रुपमा अघि बढाइने छ ।
- "रैथाने बालीको विस्तार स्थानीय कृषकको आम्दानीको आधार" मानी परम्परागत रुपमा स्थानीय समुदायले खेती गर्दै आएको रैथाने बालीहरुको उत्पादन, प्रबर्द्धन एवं संरक्षण अभियान सञ्चालन गरिनेछ ।
- बाँझो तथा नदी, खोला किनाराको उकास खेर गएको जग्गामा बगर खेती कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।
- भैंसी पकेट क्षेत्रको विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ । दुग्ध पदार्थ उत्पादनमा उल्लेख्य वृद्धि गरिनेछ र दुग्ध संकलन केन्द्रको स्थापना गरी दुधको मुल्य श्रृङखला, भण्डारण र विविधिकरणमा जोड दिईनेछ ।
- पशुपन्छी विकास शाखामा रहेको ल्याब सुदृढिकरण गरी थुनेलो परिक्षण, कल्चर, ब्लड स्मियर टेस्ट, पिसाब टेस्ट, छालाको टेस्ट, रेबिज, पिपिआर, खोरेत, लम्पिस्किन जस्ता रोगहरुको निदान गर्ने र ठुला तथा साना पशुको पोस्टमार्टम गर्ने व्यवस्था मिलाइनेछ, रेबिज विरुद्धको खोप आवश्यकता बमोजिम उपलब्ध गराईनेछ ।
- उत्पादन तथा उपादकत्वमा वृद्धि गर्न उच्च नश्लका जर्सि/होलस्टेन/मुर्रा/बोयर जातको पशुको कृत्रिम गर्भाधान गरीने व्यवस्था मिलाईनुको साथै कृत्रिम गर्भाधान गर्नको लागि कृषकलाई खर्चमा ५०% सहुलियत दिने गरी कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिनेछ ।

- पोषिलो उन्नत जातको घाँस विकासका लागि कृषकलाई विभिन्न घाँसका बेर्ना उपलब्ध गराउनुको साथै बहुवर्षिय र हिउँदे घाँसको बीउ वितरण कार्यक्रमको व्यवस्था मिलाईनेछ ।
- पशुपालनको व्यवसायिकरण, आधुनिकिकरण, यान्त्रीकरण र विशिष्टीकरण गर्न गोठ सुधार ,चाप कटर मेशिन अनुदान, पशु स्वास्थ्य शिविर र घुम्ती गोठमा परजीवी नियन्त्रण जस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याईनेछ ।
- वि.सं. २०७५ साल फाल्गुन महिनादेखि सञ्चालनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थापित रोजगार सेवा केन्द्रलाई नेपाल सरकारद्वारा जारी *रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३* बमोजिम “रोजगार, सीप तथा उद्यमशीलता प्रवर्द्धन केन्द्र” का रूपमा विकास गरी स्थानीय तहमा रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा श्रम बजार सेवाहरूलाई एकीकृत रूपमा सञ्चालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रलाई रोजगार सीप तथा उद्यमशिलता प्रवर्द्धन केन्द्रको रुपमा परिमार्जन गर्दै पालिकास्तरवाट सञ्चालित हुने मागमा आधारीत सीप,तालिम उद्यमशिलता तथा आन्तरिक रोजगारी सृजना सम्वन्धी काम एकिकृत रुपमा रोजगार सीप तथा उधमशीलता केन्द्र मार्फत सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका बेरोजगार व्यक्ति तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको वडा तहबाट तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्दै उनीहरूको सीप, अनुभव र मागअनुसार रोजगार

सूचना, करियर काउन्सिलिङ, सीप विकास तालिम सञ्चालन गरिनेछ ।

- स्थानीय तहमा सीप भएका तथा सीप प्रमाणिकरणको आधिकारिक कागजात नभएका व्यक्तिहरुको निशुल्क सीप परिक्षण गर्दै दक्ष कामदारको उत्पादन तथा नक्सांकन गरिनेछ ।
- नेपाल सरकारको आधिकारीक जव प्रोभाईडिङ Platform श्रम संसार प्रणाली मार्फत रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच समन्वय तथा रोजगार मेलमिलाप (Job Matching) सेवा सञ्चालन गरिनेछ।
- स्थानीयस्तरमा उधम गरी वस्नु भएको सफल उधमीहरुलाई निजहरुको हौसला वृद्धि गर्नको लागी **"१ वडा १ सफल उद्यमी सम्मान"** तथा पुरस्कार कार्यक्रम आयोजना सञ्चालन गरिनेछ ।
- सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी स्थानीय तहमा समुदाय स्तरमा नै गई अभिमुखिकरण कार्यक्रम सन्चालन गरीनुको साथै श्रम स्वीकृतिको कार्य पनि रोजगार सीप तथा उधमशिलता शाखा मार्फत सञ्चालन गरिनेछ । यसको साथै विदेशमा अलपत्र परेका व्यक्तिहरुको निशुल्क उद्धार तथा खोजतलास,निशुल्क शव ढुवानी तथा अन्य आर्थिक सहायता सम्वन्धी आवश्यक व्यवस्था गरिनेछ।
- पालिका भित्र सञ्चालनमा रहेका व्यपार व्यवसायलाई दर्ता, सूचिकृत तथा तथा नविकरणका लागि आवश्यक सहजिकरणको व्यवस्था गरिनेछ ।

- सहकारी संस्थाहरुको मासिक वित्तीय विवरण कोपोमिस मार्फत अनिवार्य पेश गर्ने व्यवस्था गरिनेछ।
- पालिकामा दर्ता भएका सहकारीहरु संचालनमा नआई निस्कृय रहेका सहकारी संस्थाहरलाई खारेजि प्रकृयामा लगिनेछ।
- युवा वर्गलाई पालिका भित्रनै उद्यमशिल बनाउन नवप्रवर्तनशील उद्योग र स्टार्ट-अप व्यवसाय गर्न घरेलु तथा साना उद्योग सञ्चालनका लागि पालिकाबाट आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- यस पालिकामा रहेको गुरुङहरुको प्राचिन बस्ती तथा सांस्कृतिक थलो कहोलासोथार सहित पालिका भित्र रहेका प्राचिन पुरातात्विक स्थान तथा संस्कृतिको संरक्षण तथा प्रबर्द्धन गरीनेछ ।पालिकालाई गुरुङ सांस्कृतिक पालिकाको रुपमा विकास गरी सांस्कृतिक पर्यटनको विकास गरिनेछ भने ।गुरुङको आदिम थलो क्होलासोथारलाई विश्व सम्पदा सूचीमा राखनको लागि प्रदेश सरकार मार्फत संघ सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
- सिक्लेस—कहफुचे—कोरी—मनाङ पदमार्ग निर्माणको लागि सङ्घीय सरकार संग आवश्यक सहकार्य गरिनेछ ।
- ग्रामिण पर्यटन, पर्या पर्यटन, होमस्टेको विकास मार्फत पालिमा रहेको गरीबीलाई न्युनिकरण हुने गरी आर्थिक गतिबिधी सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- कपुचे, कोरी, ताराहिल टप, कर्पु लगायतका पर्यटकीय गन्तव्यको पुर्वाधार विकासका लागि ACAP सहित विभिन्न निकाय संगको

साझेदारीमा पुर्वाधार निर्माण योजना सञ्चालन गरी मादी ट्रेकको अवधारणा अगाडी बढाईनेछ ।

**ख)सामाजिक विकासः**

- विद्यालयहरूको संस्थागत क्षमता विकास, सुशासन, वित्तीय अनुशासन तथा शैक्षिक व्यवस्थापन पक्षलाई सुदृढ गर्न आवश्यक कार्यहरुको प्रबन्ध गरी अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै सबै बालबालिकाको विद्यालय पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्नुको साथै जीवन उपयोगी शिक्षा प्राप्तिको वातावरण निर्माण गरिनेछ ।
- सामुदायिक विद्यालयहरूको प्रशासनिक, व्यवस्थापकीय तथा शैक्षिक नेतृत्वलाई थप प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउन विद्यालयका प्रधानाध्यापकहरूको भूमिकालाई सुदृढ गरीनेछ यसका लागि प्रचलित व्यवस्थाअनुसार उपलब्ध गराइँदै आएको प्रधानाध्यापक भत्तामा गाउँपालिकाको आन्तरिक स्रोतबाट प्रोत्साहन स्वरुप थप सुविधा प्रदान गरिनेछ ।
- सबै विद्यार्थीलाई समयमै निःशुल्क पाठ्यपुस्तक तथा आवश्यक थप सिकाइ शैक्षिक सामग्रीको प्रवन्ध गर्ने साथै विद्यालयहरूमा इन्टरनेट सेवाको पहुँच विस्तार गरी सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रोत्साहन गरीनेछ साथै साझेदारी निकायको सहयोगको पालिकाको स्कुलहरुलाई स्मार्टबोर्ड व्यवस्था गरिनेछ ।
- स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, व्यवहारिक तथा जीवनोपयोगी बनाउँदै स्थानीय मातृभाषाको संरक्षण गर्न कक्षा ३ सम्म शिक्षण

सिकाइको माध्यमका रूपमा प्रयोग गर्न स्थानीय मातृभाषाको पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण व्यवस्थाको विकास गरिनेछ ।

- सामुदायिक विद्यालयमा बालविकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूको पोषण अवस्था सुधार, नियमित विद्यालय उपस्थिति बृद्धि, सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव तथा स्वस्थ जीवनशैलीको विकास गर्ने उद्देश्यले सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउन यस अघी पालिकाबाट प्रदान गरीने रकममा थप बृद्धि गरी निरन्तरता दिईनेछ ।
- शिक्षकहरूको पाठ्यक्रम कार्यान्वयन, प्रश्नपत्र निर्माण, मूल्याङ्कन प्रणाली, सूचना प्रविधि तथा आधुनिक शिक्षण विधिसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणालीलाई प्रचलित कानुन, पाठ्यक्रम तथा राष्ट्रिय मापदण्डअनुसार व्यवस्थित र विश्वसनीय बनाइनेछ ।
- विद्यालय बस सञ्चालनमा सुरक्षा मापदण्ड, नियमित अनुगमन तथा विद्यार्थी सुरक्षासम्बन्धी आवश्यक व्यवस्थालाई प्रभावकारी रूपमा लागू गरी विद्यालयबाट टाढा रहेका बालबालिकाको सुरक्षित आवतजावत सुनिश्चित गर्न अभिभावक, विद्यालय प्रशासन तथा बस व्यवस्थापन पक्षलाई थप जिम्मेवार र जवाफदेही बनाई प्रभावकारी रूपमा लागू गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर सुधार गरी बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री,

अपाङ्गमैत्री तथा सुरक्षित शैक्षिक वातावरण निर्माणको नीति लिइनेछ ।

- विद्यालय तहदेखि खेलकुद संस्कृतिको विकास गर्न सबै विद्यालयमा नियमित खेलकुद गतिविधि सञ्चालन गर्ने वातावरण निर्माण गर्दै विद्यार्थीहरूको खेलकुदमा सक्रिय सहभागिता सुनिश्चित गर्न विद्यालयस्तरीय, वडास्तरीय तथा पालिकास्तरीय प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।
- "स्वस्थ युवा, सक्रिय खेलकुद, समृद्ध मादी गाउँपालिका" भन्ने मुल नाराका साथ अध्यक्ष कप खेलकुद प्रतियोगितालाई नियमित, व्यवस्थित र प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गरी स्थानीय स्तरमा रहेका प्रतिभावान खेलाडीहरूको पहिचान, क्षमता विकास तथा उच्चस्तरीय प्रतियोगितामा सहभागिताका लागि आवश्यक अवसर सिर्जना गरिनेछ ।
- मादी गाउँपालिकाको पर्यटन, कला, संस्कृति तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा युवाको सक्रिय भूमिका सुनिश्चित गरी पर्यटन प्रवर्द्धनसँग युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरी स्थानीय रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गरीनेछ साथै सांस्कृतिक महोत्सव, खेल पर्यटन, साहसिक पर्यटन तथा स्थानीय पहिचान प्रवर्द्धन गर्ने कार्यक्रमहरूमा युवालाई अग्रणी भूमिकामा परिचालन गरिनेछ ।

- युवालाई धूम्रपान, मद्यपान, लागूपदार्थको प्रयोग तथा ओसारपसारबाट टाढा राख्न जनचेतनामूलक तथा व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालय, समुदाय, सुरक्षा निकाय तथा सरोकारवाला संस्थासँग सहकार्य गरी लागूपदार्थ दुर्व्यसन न्यूनीकरण अभियान सञ्चालन गरिनेछ ।

- ”स्वस्थ्य नागरीक समृद्ध पालिका” को अवधारणा अनुरुप नागरिकहरुको आधारभूत स्वास्थ्य प्राप्त गर्ने मौलिक अधिकारको रक्षा गर्न आधारभूत स्वास्थ्य सेवामा न्यूनतम मापदण्ड लागू गरिनेछ ।
- आधारभूत अस्पतालहरूको पहुँच र सेवा विस्तार गरी आवश्यक जनशक्ति, औषधि, उपकरण तथा पूर्वाधार सहितको एकीकृत स्वास्थ्य सेवा प्रणाली विकास गरिनेछ ।
- पालिकाको थुम्सिकोट प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रदान गरीएको स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।साथै पालिका भित्रका विपन्न नागरीकको स्वास्थ विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नागरीकलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि विभिन्न सरकारी तथा गैह्र सरकारी संस्था संगको सहकार्यमा घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।
- क्यान्सर, मधुमेह, उच्च रक्तचाप लगायत नसर्ने रोगहरूको रोकथाम, नियमित परीक्षण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरी स्वस्थ जीवनशैली प्रवर्द्धनमा जोड दिईने छ ।

- मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अंगका रूपमा विकास गर्ने,राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन गरी योग, ध्यान तथा सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम विस्तार गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता र सेवा क्षेत्र विस्तार गरिनेछ ।
- पुनर्स्थापना तथा अपाङ्गता सेवा प्रारम्भिक पहिचान, उपचार तथा पुनर्स्थापना सेवाहरू विस्तार गर्ने ।
- आयुर्वेद, प्राकृतिक तथा वैकल्पिक उपचार पद्धतिलाई वैज्ञानिक आधारमा संस्थागत गरिनेछ ।
- सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरु ,जेष्ठ नागरीक तथा अपाङ्ग ब्यक्तिहरुकोलागी दिईदै आएको निःशुल्क एकतर्फी एम्बुलेन्स सेवालाई निरन्तर गरिनेछ ।
- पालिका स्वास्थ्य संस्थाका भवनहरुलाई भौतिक रुपमा गुणस्तरिय बनाउन आवश्यकताको आधारमा स्वास्थ्य भवनहरुको नियमित मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नागरीकहरुको स्वच्छ तथा गुणस्तरीय खानेपानी माथीको पहुँचलाई सुनिश्चिता गर्न अन्तर सरकार तथा विकास साझेदार निकाय संगको सहकार्यमा एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- भौतिक पूर्वाधार मात्र विकास हो भन्ने मानसिकतालाई विस्थापित गरी नागरीकहरुलाई शसक्तिकरण गर्दै सक्षम, सवल र आत्मनिर्भरयुक्त नागरीक बनाउनको लागि विभिन्न क्षेत्रबाट पछाडी परेका र पारिएका लिङ्ग क्षेत्र, धर्म, बर्ग, जाति र समुदायलाई राज्य

र विकासको मुल प्रवाहमा समाहित गर्ने उद्देश्यका साथ सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

- महिला, दलित, आदिबासी, जनजाति, अल्पसंख्यक, जेष्ठ नागरीक, बालबालिका र आपाङ्ग लगायत वञ्चितिकरणमा परेका व्यक्ति, समुदाय तथा वर्गलाई राज्य र विकासको मुल प्रवाहमा समाहित गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरीनेछ । सामाजिक र आर्थिक अवसरहरुमा समान सहभागिता सुनिश्चित गरी लैंगीक मुल प्रवाहिकरण र शसक्तिकरण गर्ने अभिप्रायले हरेक लक्षितबर्गको लागि यस बर्ष "समाबेशी बर्गका लागि शसक्तिकरण अभियान-२०८३" सञ्चालन गरिनेछ ।
- किशोरीहरुका लागि हानिकारक अभ्यास अन्त्य अभियान (साइवर हिंसा रोकथाम, बालविवाह न्युनीकरण) सम्बन्धी सचेतनामुलक कार्यक्रम तथा आत्मसुरक्षा सम्बन्धी आवश्यक तालिम सञ्चालन गरिनेछ ।
- नेपाल सरकारको वि.सं.२०८७ सम्म बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्यलाई आत्मसाथ गर्दै बालश्रम शोषण, बाल यौन दुर्व्यवहार, बालविवाह र दुर्व्यसनी न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइने छ। साथै बाल अधिकार समिति तथा बाल क्लवका पदाधिकारीहरुको क्षमता एवम नेतृत्व विकासका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ ।

- उपाध्यक्षसँग नव शिशु सुत्केरी भेट तथा पोषण कार्यक्रम, विदुर भत्ता, अपाङ्ग स्याहारे भत्ता र  जनसंख्या वृद्धि प्रोत्साहन तथा विवाहवारी बीस पारी कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।
- महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा वा विभेद अन्त्य गरी मादी गाउँपालिकालाई बालविवाह, बहुविवाह, जवरजस्ति करणी, दाइजो प्रथा जातीय विभेद लगायतका कुप्रथाहरुलाई निरुत्साहित गर्दै हिंसा वा विभेदको चपेटामा परेका महिला तथा बालबालिकाहरुलाई उद्धार राहात निःशुल्क कानुनी सहायता मनोसामाजिक परामर्श तथा पुनः स्थापनाका कार्यक्रमहरु संचालन गरीनेछ, साथै आकस्मिक महिला तथा बालकोष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ‘क’ र ‘ख’ वर्गका अपांगता भएका व्यक्तिहरुको अवस्था अनुगमन गरी माग र आवश्यकता बमोजिमको सहायता सामग्री वितरण गरीनेछ भने ‘ग’ र ‘घ’ वर्गका अपांगता परिचयपत्र भएका व्यक्तिहरुको आर्थिक एवमं सामाजिक शसक्तिकरणका लागि जिविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पालिकामा रहेका अटिजम युक्त बालबालिकाहरुको पहिचान गरी उनीहरुको पुर्नस्थापना गर्न आवश्यक व्यवस्था गरिनेछ ।

आदरणीय सभा सदस्यज्यूहरु,

**ग) पुर्वाधार विकास** :

- “गुणस्तरीय पुर्वाधार दिगो विकासको आधार” भन्ने मुल मान्यताका साथ गाउँपालिका स्तरीय गौरवका आयोजनाहरु साथै अधुरो आयोजनाहरुलाई प्राथमिकता दिई निर्माण कार्य अगाडी बढाइने छ। गाउँपालिकाको आवधिक योजना तथा आयोजना बैंक सँग मेल हुने गरी योजना वैंक निर्माण गरी सो बाट आयोजना छनौट कार्यान्वयन प्रक्रिया अगाडी गरिनेछ।
- आर्थिक वर्षमा २०८३/८४मा छनौट भएका योजनाहरुको वार्षिक खरिद योजना बनाई सो खरिद योजना अनुसार योजनाहरू कार्यान्वयन गरीनेछ। रकम रु.१५ लाख भन्दा माथिका संघ प्रदेशबाट हस्तान्तरित योजना तथा गाउँपालिकाबाट विनियोजित भएका योजनाहरुको भाद्र मसान्त भित्र ठेक्का आवहान गरी सोही आर्थिक वर्षको वैशाख मसान्त भित्र सम्पन्न हुने गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाइनेछ।
- गाउँपालिकामा आउने आर्थिक वर्षमा योजना छनौट गर्दा टुक्रे आयोजनालाई निरुत्साहित गरी दिर्घकालिन रुपमा प्रतिफल दिने खालको ठुला आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाको आवश्यकता बमोजिम सडक, विद्युत, सिंचाई, खानेपानी जस्ता बृहत आयोजनाहरुयोजनाहरुको संघ तथा प्रदेश सरकारसँग समन्यव गरी  निर्माण कार्य अगाडी बढाउन पहल गरिनेछ भने अन्य साझेदारी निकाय संगको साझेदारमा पुर्वाधार निर्माण सह- लगानी गरिनेछ ।

- उपभोक्ता समिति मार्फत गरीने योजनाहरु सम्झौता देखि फरफारक सम्मका कार्यलाई अझ सहज र सरल बनाउन सफ्टवयर अपग्रेड गरी सम्पूर्ण प्रकिया वडाबाट हुनका लागि आवश्यक व्यवस्था मिलाउने, उपभोक्ता समिति मार्फत गरीने योजनाहरुमा पारदर्शिता जवाफदेहिता र गुणस्तरियता कायम गर्दै समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिको क्षमता विकास गरिनेछ ।
- गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु निर्माण गर्दा स्थानीय श्रोत तथा साधनहरुको उच्चतम प्रयोग हुने आयोजनालाई प्राथमिकता दिइनेछ। उपभोक्ता समितिको तर्फबाट हुने लागत सहभागितालाई प्राथमिकता दिइनेछ। पालिकाको स्वीकृत कार्यविधिको आधारमा जति सुकै रकमको योजना भएतापनि ५०/५० वा ७०/३० गाउँपालिका/उपभोक्ता समिति साझेदारीमा हुने पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- निर्मित पूर्वाधारहरुको मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागी लाभग्राही सहितको योगदान समेत रहने गरी मर्मत सम्भारका लागी वजेट विनियोजन गरिनेछ।
- विकास निर्माणका कार्यहरु संचालन गर्दा लक्ष्य, उद्धेश्य, श्रोत उपयोग तथा गुणस्तर वमोजिम भए/नभएको एकिन गर्न अनुगमन तथा मुल्यांकनलाई विशेष प्राथमिकता दिइनेछ ।
- सेवाग्राहीहरुलाई सहज सेवा प्रवाहका लागी गाउँपालिका भवन साथै वडा कार्यालय भवन र स्वास्थ्य चौकीहरुको भवन निर्माण तथा मर्मत गरीनेछ। साथै अब निर्माण हुने तथा हाल रहेका सरकारी तथा सार्वजनिक भवनहरु अपांगमैत्री, बालबालिका मैत्री र महिला मैत्री बनाइन जोड दिइनेछ।

- गाउँपालिका भित्र निर्माण हुने मठ-मन्दिर, गुम्बा तथा अन्य धार्मिक तथा संस्कृतिक सम्पदा तथा अन्य वस्तीहरुमा पुरातत्व, संस्कृति तथा परम्परा झल्किने गरी निर्माण गर्न जोड दिइनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेका भवन तथा अन्य संरचनाहरुको व्यवस्थापनका लागी आवश्यक कार्यविधि तथा मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरिनेछ।
- घर निर्माण तथा सहजीकरण कार्यलाई व्यवस्थित बनाउन साथै सुरक्षित भवन निर्माण गर्नका लागी राष्ट्रिय भवन संहिता अनुरुप भवन मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिका भित्र नयाँ ट्र्याक खोल्ने कार्यलाई व्यवस्थित गर्दै लगिनेछ। आर्थिक, प्राविधिक र वातावारणीय दृष्टिले उपयुक्त देखिएका स्थानमा मात्र नयाँ ट्र्याक खोल्ने अनुमति दिइनेछ। हाल संचालनमा रहेका ग्रामिण सडकहरुमा नालाको व्यवस्था, कल्भर्टको व्यवस्था तथा ग्राभेल गरी स्तरोन्नति गर्दै लगिनेछ साथै सडक निर्माण कार्य गर्दा सडकको मापदण्डलाई पूर्ण रुपमा मान्यता दिइनेछ।
- गाउँपालिका अन्तर्गतका सार्वजनिक सवारी साधन चल्ने मोटरबाटोहरु तथा वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयसम्म पुग्ने सडकहरुमा सहज पहुचका लागी सो सडकलाई स्तरोन्नति तथा मर्मत सम्भार गरी नियमित संचालन गर्ने प्रवन्ध गरिनेछ।
- सडकको निर्माण गर्दा दिगो तथा वातावारण मैत्री बनाउन पहल गरीनेछ। । ठुला सडक योजनाहरुको विनियोजित वजेटको ३% रकम बायो ईन्जिनियरिंग कार्यमा खर्च गर्न प्राथमिकता दिइनेछ।

- गाउँपालिका भित्र निर्माण गर्नुपर्ने सडक पुल, झोलुंगेपुलहरुको आवश्यकता पहिचान गरी निर्माण गर्न संघ तथा प्रदेशसँग आवश्यक समन्वय गरिनेछ।
- गाउँपालिका भित्र रहेका धार्मिक, एतिहासिक तथा पर्यटकीय स्थलहरुमा यातायातको सहज पहुचका लागी सडक स्तरोन्नति कार्य तथा हाइकिंग तथा ट्रेल रुट निर्माण कार्य अगाडी बढाइने छ ।
- गाउँ क्षेत्र भित्रका रहेका सडकहरुको लगत कट्टा गरी सार्वजनिक बनाउन पहल गरिनेछ।
- सार्वजनिक स्थल, बजार, धार्मिक, एतिहासिक तथा पर्यटकीय स्थलहरुमा सौन्दर्यकरणका लागि फलफूलका विरुवा रोप्ने कार्य साथै रात्रीकालिन सुरक्षाका लागि सडक बत्ती जडान तथा सिसि क्यामरा जडान कार्य अगाडी बढाउन प्राथमिकता दिइनेछ ।
- टोल विकास समितिसँग समन्वय गरी विद्युतीय प्रसारण लाइन वरपर रहेका रुखविरुवाहरु हटाउने कार्य गरिनेछ।
- गाउँपालिका भित्र अधिकांश नागरीकहरुको पहुँचमा विद्युत रहेकोमा विद्युत वितरण कार्यलाई थप प्रभावकारी तथा दिगो बनाउन गाउँपालिकालाई नाङ्गो तार तथा काठे पोल मुक्त गर्न विद्युत प्राधिकरण तथा हाइड्रोपावरहरु सँग आवश्यक समन्वय गरिनेछ।

**घ) वन, वाताबरण तथा विपद् व्यवस्थापनः**

- पालिका भित्र रहेका प्राकृतिक स्रोत साधनको दिगो उपयोग र व्यवस्थापन गर्न प्राकृतिक स्रोत साधनको अबैध प्रयोगलाई निरुत्साहित गरी प्राकृतिक स्रोतको प्रयोगबाट पालिकाको राजश्वको दायरालाई फराकिलो बनाईनेछ ।

- विकासात्मक गतिविधी सञ्चालन गर्दा वातावरणीय प्रभाव मुल्यांकन गर्ने कार्यलकाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ साथै पूर्वाधार निर्माणमा विपत् उत्थानशिलतालाई प्राथमिकता दिईनेछ।
- विपद् पुर्वतयारी, उद्धार- राहत तथा विपद पश्चात पुनर्लाभका लागि विपत् प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा लागु गरीनेछ, विपत्जन्य विषयको रोकथाम, उद्धार र पुर्नलाभ कार्यहरुमा अन्तर सरकार, साझेदार निकाय तथा सरोकारवाला संग समन्वय गरीनेछ ।साथै पालिकाको विपद् कोषको सहि सदुपयोगमा जोड दिईनेछ ।
- विपद् न्यूनिकरण गर्न पालिका भित्र रहेका जलविद्युत आयोजनाहरु साथै अन्य आयोजनाको सहकार्यमा आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ ।
- अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) संगको सहकार्यमा पालिकाको वन तथा वन्यजन्तुहरुको संरक्षण, जैविक विविधताको संरक्षण सम्बन्धी कार्य गरी प्राकृतिक सम्पदालाई पर्यापर्यटनसंग जोडिनेछ ।
- “स्वच्छ मादी स्वस्थ्य नागरीक” भन्ने नाराको साथ पालिको फोहोर व्यवस्थापनमा जोड दिईनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकासः**

- पालिकाबाट प्रदान गरीने सार्वजनिक सेवालाई छिटो, छरितो, मितव्ययी तथा प्रभावकारी बनाई सार्वजनिक सेवामा नागरीक सन्तुष्टिलाई मुख्य आधार बनाईनेछ ।

- पालिकाबाट प्रदान गरीने सेवालाई Real time सेवा प्राप्त गर्ने गरी आधुनिक प्रविधिको प्रयोगमा जोड दिईनेछ, एकिकृत सेवा प्रवाहलाई जोड दिईनेछ ।
- भष्ट्रचारशुन्य पालिका निर्माणको लागि पालिकाबाट हुने सार्वजनिक खरीद, राजश्व र प्रशासनिक प्रक्रिया पारदर्शी, प्रविधिमैत्री र प्रतिस्पर्धात्मक बनाईनेछ ।
- पालिकामा अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीलाई समयानुकुलन तालिमको व्यवस्था गरी प्रविधिमैत्री कर्मचारीको विकास मार्फत सार्वजनिक सेवा प्रवाहमा गुणस्तरता कायम गर्नको लागि कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । भने जनप्रतिनिधी र कर्मचारी बिचको सम्बन्धलाई अझ समधुर र प्रगाढ बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।
- पालिकामा उपलब्ध स्रोत साधनालाई मध्यनजर गर्दै करार कर्मचारीलाई समेत महङ्गी भत्ता उपलब्ध गराईनेछ ।
- पालिकाको सार्वजनिक सेवा प्रति सेवाग्राहिहरुको सन्तुष्टी सर्वेक्षण मापन गर्न सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण जस्ता परिक्षण विधिहरुलाई समयानुकुल प्रभाकारी बनाई नागरीकको सुझाव र गुनासोलाई आवश्यक सम्बोधन गरीनेछ। पालिकाबाट हुने खर्च प्रणालीमा प्रभावकारी कायम गरी वेरुजुलाई न्युनिकरण गरीनेछ भने लेखापरिक्षणबाट औंल्याईएका वेरुजुहरु संपरिक्षणका लागि आवश्यक काम कारवाही गरी लेखा समितिको काम कार्वाहिलाई प्रभावकारी बनाईनेछ ।

- पालिका र पालिका अन्तर्गतका सम्पूर्ण सेवा केन्द्रमा नागरीक बडापत्र प्रयोगलाई प्रभावकारी बनाई  कार्यलाई प्रभाकारी बनाईने छ भने पालिकाको काम कारवाहीलाई web-site तथा विद्युतिय प्रणालीमा प्रकाशन गरीनेछ । साथै E- हाजिरीलाई पालिका अन्तर्गतका सम्पुर्ण सेवा केन्द्रमा कार्यान्वयन गरिनेछ ।
- पालिकामा परेको आर्थिक चापलाई मध्यजनर गर्दै चालु प्रकृतिका खर्चहरुलाई बाञ्छित सिमा भित्र राखि आर्थिक अनुशान कायम गरिनेछ ।
- राजश्वको दायरालाई फराकिलो बनाउनुको साथै राजश्व जुटाउनको लागि नयाँ क्षेत्रको पहिचान गरीनेछ र पालिका भित्रको प्राकृतिक स्रोत साधनको दिगो प्रयोग द्धारा आन्तरिक आम्दानीलाई दिगो र प्रभावकारी बनाईनेछ।
- संघ र प्रदेश सरकारको सहयोगमा पालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई समयानुकुलन तालिमको व्यवस्था गरिनेछ ।
- भूमिहिन सकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको समस्या समाधान कार्यमा लागि प्राप्त तथ्याङ्कको आधारमा निशा वितरण तथा पुर्जा वितरणको लागि भुमि समस्या आयोग संग आवश्यक सहकार्य गरिनेछ ।
- पालिकाको क्षेत्राधिकार भित्र रहि पालिकाबाट भुमि सम्बन्धी सेवा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- उपभोक्ताहरुको गुणस्तरीय, स्वस्थकर र उचित मूल्यमा सेवा तथा वस्तु उपभोग गर्न पाउने मौलिक हकको रक्षा गर्न पालिकाले समय समयमा बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

- पालिकामा रहेका व्यवसायलाई अनिवार्य दर्ता र नविकरणलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरीनेछ ।पालिका भित्र रहेका जलविद्युत आयोजनाहरुलाई सुचिकृत गरी करको दायरामा ल्याईनेछ ।
- पालिकाले गठन गरेको उच्च स्तरिय प्राकृतिक स्रोत व्यवस्थापन समितिको सिफारिसका आधारमा पालिका भित्र रहेका जलविद्युत आयोजनालाई सामाजिक उत्तरदायित्व प्रतिको कर्तव्यलाई अनिवार्य गरीनेछ भने जलविद्युत आयोजनाबाट अति प्रभावित र प्रभावित मादी बासीलाई आफ्नो हक अनुसारको सेयर प्राप्त गर्न सक्ने वातावरण निर्माण गरी पालिकाको गरीबी न्यूनिकरणको जोड दिईनेछ गरिनेछ ।
- पालिका भित्र रहेका जलविद्युत आयोजनाहरुलाई पालिकामा रहेका प्रतेक घरपरिवारलाई न्युनतम मासिक ५० युनिट विद्युत निशुल्क प्रदान गर्ने पहल गरिनेछ ।
- पालिकामा डिजिटल साक्षरता बढाउनको लागि पालिका र साझेदारी संगको सहकार्यमा पालिकामा डिजिटल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

आदरणीय गाउँ सभाका सदस्यज्यूहरु

पालिकामा उपलब्ध सिमित स्रोत साधनको सहि र प्रभावकारी परिचालन गरी सुशासन युक्त सामाजिक न्यायमा आधारीत समृद्ध  गाउँपालका निर्माण हामी सबैको लक्ष्यलाई सहयोग पुग्ने कार्यक्रमहरुलाई आ.ब. २०८३/०८४ नीति तथा कार्यक्रममा समेट्ने कोशिस गरेको छु । संवैधानिक व्यवस्था बमोजिम हामी हाम्रो कार्यकालको अन्तिम समय तिर आईसकेका छौ यहाँ सम्म  आउदाँ पालिकाको आर्थिक, सामाजिक, भौतिक विकासका लागि योगदान गर्नुहुने गाउँ सभाका सदस्यज्यूहरु, राजनीतिक दल, संघ सरकार, प्रदेश सरकार, राष्ट्रसेवक कर्मचारी,  विकास साझेदार, संचार जगत, नागरीक समाज, गैरसरकारी क्षेत्र र सम्पूर्ण मादीबासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत र यो नीति तथा कार्यक्रमको सफल  कार्यान्वयनको लागि सकरात्मक र रचनात्मक सहयोगको समेत अपेक्षा गर्दछु।

जय मादी

धन्यवाद ।

देवीजंग गुरुङ,

अध्यक्ष

मादी गाउँपालिका